(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८३ साल बैशाख देखि असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरू

## (स्वतः प्रकाशन)

लुम्बिनी प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

विषयसूची


| | |
|---|---|
| १. मन्त्रालयको परिचय | १ |
| २. मन्त्रालयको कार्यविवरण | १-२ |
| ३. मन्त्रालयको संगठन संरचना, दरवन्दी विवरण र मन्त्रालय अन्तर्गत रहेका संरचना | ३-५ |
| ४. मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी | ५ |
| ५. मन्त्रालयबाट प्रदान गरिने सेवा | ६ |
| ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ६ |
| ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | ६ |
| ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी | ६ |
| ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण | ६ |
| १०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पद | ७ |
| ११. वित्तीय प्रगति विवरण | ७ |
| १२. मन्त्रालयको वेवसाइट | ८ |
| १३. मन्त्रालयको सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | ८ |
| १४. मन्त्रालयमा सूचना माग सम्वन्धी निवेदन | ८ |
| १५. मन्त्रालयले गरेका सूचना सम्वन्धी कामहरु | ८ |
| १६. मन्त्रालयसँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था | ८ |

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

## १. मन्त्रालयको परिचयः

मिति २०७४ साल फागुन ३ गते आर्थिक मामिला तथा योजना मन्त्रालयको नाममा स्थापना भई २०७८ साल भाद्र १३ गतेबाट मन्त्रालयको नाम आर्थिक मामिला तथा सहकारी मन्त्रालय कायम भएकोमा प्रदेश सरकारको मिति २०७९ असार ३१ को निर्णयानुसार मन्त्रालयको नाम अर्थ तथा सहकारी मन्त्रालय कायम भएको र मिति २०८० श्रावण १ को निर्णयानुसार मन्त्रालयको नाम अर्थ मन्त्रालय कायम भएकोमा पुनः लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०८१/०१/०६ को निर्णयानुसार नाम परिवर्तन भई आर्थिक मामिला तथा योजना मन्त्रालय नै कायम भएको छ।

## २. मन्त्रालयको कार्यविवरणः

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन
- संघको स्वीकृतिमा बैदेशिक सहयोग, बैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र बार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान
- संघीय नीति अनुरुप सह-वित्तीयकरण
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति निर्माण, कार्यान्वयन र नियमन
- प्रदेशको बजेट विनियोजन, तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन
- प्रदेश सञ्चित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवं व्यवस्थापन
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- प्रदेशगत विनियोजन, राजश्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परिक्षण
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन


- संघीय कानून अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति तथा मापदणड तर्जुमा, कार्यान्वयन र नियमन
- संघीय सरकारसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य
- तथ्यांक, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य
- गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड एवं योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन
- प्रदेशको आर्थिक मामिला सम्बन्धी अन्य कार्यहरु।

## ३. मन्त्रालयको संगठन संरचना, दरवन्दी विवरण र मन्त्रालय अन्तर्गत रहेका संरचनाः

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## संगठन संरचना



ख. मन्त्रालयको दरबन्दी विवरण

| क्र.स. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी | पदपूर्ती |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | १ |
| २ | उपसचिव/वरिष्ठ उपसचिव | प्रशासन | राजश्व | नवौं/दशौं | २ | २ |
| ३ | उपसचिव/वरिष्ठ उपसचिव | प्रशासन | सा.प्र. | नवौं/दशौं | २ | १ |
| ४ | शा.अ./व.शा.अधिकृत | प्रदेश प्रशासन | सा.प्र. | सातौं/आठौं | ६ | ३ |
| ५ | शा.अ./व.शा.अधिकृत | प्रदेश प्रशासन | राजश्व | सातौं/आठौं | ६ | ० |
| ६ | ले.अ./व.ले.अ. | प्रदेश प्रशासन | लेखा | सातौं/आठौं | १ | १ |
| ७ | कानून अधिकृत/व.का.अ. | न्याय | कानून | सातौं/आठौं | १ | १ |
| ८ | अर्थशास्त्री | प्रदेश प्रशासन | | सातौं/आठौं | १ | ० |
| ९ | तथ्याङ्क अधिकृत/व.त.अ. | प्रदेश प्रशासन | तथ्याङ्क | सातौं/आठौं | १ | १ |
| १० | कम्प्यूटर इन्जिनियर/व.क.इ. | प्रदेश प्रशासन | | सातौं/आठौं | १ | ० |
| ११ | कम्प्यूटर अधिकृत/व.क.अ. | प्रदेश प्रशासन | | सातौं/आठौं | १ | १ |
| १२ | वरिष्ठ प्र.सहायक/अधिकृत | प्रदेश प्रशासन | सा.प्र. | पाँचौ/छैटौं | ५ | ४ |
| १३ | वरिष्ठ राजश्व सहायक/अधिकृत | प्रदेश प्रशासन | राजश्व | पाँचौ/छैटौं | ६ | ३ |
| १४ | कम्प्यूटर अपरेटर/अधिकृत(कम्प्युटर) | प्रदेश प्रशासन | | पाँचौ/छैटौं | ३ | २ |
| १५ | लेखापाल/अधिकृत(लेखा) | प्रदेश प्रशासन | लेखा | पाँचौ/छैटौं | १ | ० |
| १६ | ह.स.चा. | ईन्जिनियरिङ | मे.ई./ज.मे.ई. | तहविहीन | ४ | ४ |
| १७ | का.स. | प्रदेश प्रशासन | सा.प्र. | तहविहीन | ६ | ६ |
| जम्मा | | | | | ४८ | ३० |

ग. मन्त्रालय र अन्तर्गत रहेका संरचनाः

आर्थिक मामिला तथा योजना मन्त्रालय

↓

प्रदेश लेखा नियन्त्रक कार्यालय, दाङ

४. मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी

| महाशाखा | शाखा | महाशाखा प्रमुख | शाखा प्रमुख |
|---|---|---|---|
| बजेट योजना तथा कार्यक्रम | बजेट तथा कार्यक्रम | धनिश्वर अर्याल | वरिष्ठ शाखा अधिकृत सुमन पौडेल |
| प्रशासन महाशाखा | कर्मचारी प्रशासन | नारायण प्रसाद पौडेल | वरिष्ठ शाखा अधिकृत नारायण अर्याल |
| | आर्थिक प्रशासन | | लेखा अधिकृत धर्मेश यादव |
| | कानून तथा फैसला कार्यान्वयन | | कानून अधिकृत प्रेम प्रसाद पन्थी |
| वित्त व्यवस्थापन | राजश्व व्यवस्थापन | धनिश्वर अर्याल | वरिष्ठ शाखा अधिकृत तुल्सि राम अधिकारी |
| | वित्त हस्तान्तरण तथा स्थानीय तह समन्वय | | वरिष्ठ कम्प्युटर अधिकृत शम्भु घिमिरे |
| | सूचना प्रविधि | | वरिष्ठ कम्प्युटर अधिकृत शम्भु घिमिरे |
| वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण | आर्थिक विश्लेषण | कोपिला आचार्य | वरिष्ठ तथ्यांक अधिकृत विकल्प चौधरी |
| | वित्तीय क्षेत्र व्यवस्थापन | | |

५. मन्त्रालयबाट प्रदान गरिने सेवा

मन्त्रालयलाई प्रचलित कानूनबमोजिम तोकिएको कार्यजिम्मेवारी/कार्यविवरण अनुसारको कार्यसम्पादन गर्ने। मन्त्रालयबाट सूचना माग सम्वन्धी सेवा सूचनाको हकसम्वन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ। मातहत कार्यालयहरुबाट हुने गरेको क्रियाकलापहरुमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्ने तथा सो विरुद्धको उजुरी तथा गुनासो सुन्ने गरेको छ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

६.१ सेवा प्राप्त गर्न लाग्ने दस्तुरः

सूचनाको हकसम्वन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम र अन्य बिशेष कानूनले तोके बमोजिमको दस्तुर ।

६.२ सेवा प्राप्त गर्न लाग्ने अवधिः

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्य बिशेष कानूनले अवधि तोकेकोमा सोही बमोजिम ।

७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारीः

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारवाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रक्रिया अगाडि बढाइने ।

८. गुनासो सुन्ने अधिकारीः उपसचिव श्री धनिश्वर अर्याल

९. सम्पादन भएका मुख्य मुख्य कामको बिवरणः

**चालु आ.व.को चौथो त्रैमासिक अवधिमा सम्पादन गरिएका मुख्य उपलब्धिहरुः**

- ❖ मन्त्रालय तथा निकायहरूबाट माग भई आएबमोजिम रकमान्तर, कानूनका विषयमा राय/परामर्श उपलब्ध गराइएको,
- ❖ राजश्व अभिवृद्धि सम्बन्धमा स्थानीय तहहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको,
- ❖ मन्त्रालय तथा निकायहरूलाई बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन र बजेट सिलिङ्ग प्रदान गरिएबमोजिम बजेट प्रविष्टिका लागि सहजीकरण गरिएको,
- ❖ राजश्व परामर्श उपसमितिहरूबाट प्राप्त प्रतिवेदन समेतका आधारमा राजश्व परामर्श समितिको प्रतिवेदन तयार गरिएको,
- ❖ आर्थिक वर्ष २०८३।०८४ को लागि लुम्बिनी प्रदेश सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता तयार गरिएको,
- ❖ प्रदेश आर्थिक ऐन,२०८३ र प्रदेश विनियोजन ऐन,२०८३ तयार गरिएको,
- ❖ आर्थिक सर्वेक्षण तयार गरिएको,
- ❖ बजेट वक्तव्य तयार गरी मिति २०८३।०३।०१ गते प्रदेश सभामा माननीय मन्त्रीज्यूले पेश गर्नुभएको,
- ❖ आर्थिक वर्ष २०८३।०८४ को राजश्व र व्ययको अनुमान तयार गर्नका लागि सम्पूर्ण कार्यसम्पन्न गरिएको।

१०. सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम र पदः

| | |
|---|---|
| प्रमुख | सचिव श्री वन्धु प्रसाद बास्तोला(९८५७०७२०१५) |
| प्रवक्ता तथा गुनासो सुन्ने अधिकारी | उपसचिव श्री धनिश्वर अर्याल (९८५७०८८४५१) |
| सूचना अधिकारी | वरिष्ठ शाखा अधिकृत श्री नारायण अर्याल (मो.नं.९८५७८३५५०६) |

११. वित्तीय प्रगति विवरणः

क. राजश्वको अनुमान र प्रगती विवरण (२०८३ असार मसान्तसम्म) (प्रारम्भिक)

| राजश्व शीर्षक | वार्षिक लक्ष्य (रु.हजारमा) | प्रगति (रु.हजारमा) | प्रतिशत |
|---|---|---|---|
| संघबाट प्राप्त हुने अनुदान | १४०१९९०० | १११९९५०४.६८ | ७९.८८ |
| संघबाट प्राप्त हुने राजश्व बाँडफाँट | ११८६५६०० | ११६१९३७५.४६ | ९७.९२ |
| संघबाट प्राप्त हुने रोयल्टी | ४१५०३५ | २६३५९३.८४ | ६३.५१ |
| प्रदेशको आन्तरिक राजश्व | ४८८०४६५ | २३९२२७३.१० | ४९.०२ |
| प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजश्व(प्रदेशले संकलन गर्ने) | २९०००००० | १९९५१६९.३८ | ६८.८० |
| प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजश्व(स्थानीय तहले संकलन गर्ने) | २८२९००० | २०४०१९४.९५ | ७२.१२ |
| गत वर्षको मौज्दात | २००००० | ५०२१८७.९३ | २५.११ |
| कुल जम्मा | ३८९१०००० | ३००१२२९९.३६ | ७७.१३ |

ख. आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिकसम्म यस मन्त्रालयको वित्तीय प्रगति (प्रारम्भिक) विवरण

रु.हजारमा

| चालु तर्फ | | | पुँजीगत तर्फ | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|
| विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| १२३९५० | ५७८२३.१७ | ४६.६५ | १३००० | ४६११.११ | ३५.४७ | १३६९५० | ६२४३४.२८ | ४५.५८ |

**१२. मन्त्रालयको वेवसाइटः**

अर्थ मन्त्रालयको वेवसाइटः www.moeap.lumbini.gov.np

**१३. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरणः**

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरु मन्त्रालयको वेवसाइटमा नियमित प्रकाशन हुने गरेको, महत्वपूर्ण सूचनाहरु पुस्तक प्रकाशन भएको ।

**१४. मन्त्रालयमा परेका सूचना माग सम्वन्धी निवेदनः**

सूचना माग भएका निवेदनका सम्बन्धमा प्रचलित ऐन, नियमावली बमोजिम सूचना उपलव्ध गराइएको ।

**१५. मन्त्रालयले गरेका सूचनासम्वन्धी कामहरुः**

- महत्वपूर्ण सूचनाहरु पत्रपत्रिकामा प्रकाशन गरेको ।
- ऐन, कानून सम्वन्धी पुस्तकहरु प्रकाशन गरेको ।
- माग भए बमोजिमका सूचनाहरु लिखित वा मौखिक रुपमा सम्प्रेषण गरेको ।

**१६. मन्त्रालयसँग सम्बन्धित कानूनी तथा नीतिगत व्यवस्था**

**क. आर्थिक तथा प्रशासनिक पक्षसँग सम्बन्धितः**

१. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन,२०८१

२. सालवसाली रुपमा बन्ने प्रदेश विनियोजन ऐन र आर्थिक ऐन

३. प्रदेश वित्त व्यवस्थापन ऐन ,२०७५

४. कर तथा गैरकर राजस्व सम्बन्धी ऐन ,२०७५

५. प्रदेश आकस्मिक कोष सञ्चालन ऐन ,२०७५

६. तथ्याङ्क ऐन ,२०७५

७. सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली ,२०७६

८. मनोरञ्जन कर नियमावली ,२०७६

९. विज्ञापन कर नियमावली ,२०७६

१०. प्रदेश तथ्याङ्क नियमावली ,२०७६

११. सञ्चित कोष सञ्चालन कार्यविधि ,२०७४

१२. सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका ,२०७९

१३. प्रदेश घरजग्गा न्यूनतम मूल्य निर्धारण समिति (गठन तथा कार्यसञ्चालन) आदेश ,२०७६

१४. विशेष अनुदान कार्यक्रम सञ्चालन कार्यविधि ,२०७६

१५. समपूरक अनुदान व्यवस्थापन कार्यविधि ,२०७८